# नेपाल सरकार

## प्रदेश प्रमुख

बागमती प्रदेश
हेटौंडा, मकवानपुर, नेपाल

**शुभकामना सन्देश !**

हामी नेपालीहरुको महान चाड बडा दशैं, तिहार, नेपाल संवत ११४३, छठ, इदलगायत चाडपर्वका अवसरमा बागमती प्रदेशबासी तथा समस्त नेपाली दाजुभाई-दिदिबहिनीहरुमा सुख, समृद्धि, शान्ति, सुस्वास्थ्य, दिर्घायू एवं उत्तरोत्तर प्रगतिका लागि शुभकामना व्यक्त गर्दछु ।

भौगोलिक, जातीय र सांस्कृतिक विविधताले भरिपूर्ण हाम्रो देशमा मनाइने मौलिक सांस्कृतिक पर्वहरुले एकता, भाइचारा र सहिष्णुता अभिवृद्धि गर्नेछ । आपसी मेलमिलाप एवं सद्भाव अझ प्रगाढ बनाउन भूमिका खेल्नेछ । यी पर्वहरुले हामीलाई एउटै सुत्रमा बाँधेर सबल तथा समृद्ध राष्ट्र निर्माणमा अहम् भूमिका निर्वाह गर्नेछ ।

हामीले हामीबीच विकसित भएका सकारात्मक परम्परा तथा पर्वहरुप्रति गौरवबोध गर्न सक्नुपर्दछ । हाम्रो गौरवका यी महत्वपूर्ण चाडपर्वहरुको सुखद् उपलक्ष्यमा म सबैलाई पुन : एकपटक हार्दिक शुभकामना व्यक्त गर्दछु ।

धन्यवाद ।

**२०७९ असोज १६ गते, आइतबार**

नेपाल सरकार प्रदेश प्रमुखको कार्यालय बागमती प्रदेश हेटौंडा, मकवानपुर

**यादवचन्द्र शर्मा**
**प्रदेश प्रमुख**